## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ४ मितिः २०८०/०८/२६ अतिरिक्ताङ्क

## भाग-२

## बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि २०८०

**जैमिनी नगरपालिका**

# बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि २०८०

**प्रस्तावना:**

बालिका र अपाङ्गता भएका बालिकाको शिक्षा, संरक्षण तथा सुरक्षाका अधिकारहरुको प्रवर्द्धन गरी लैङ्गिक हिंसामा कमि ल्याउन र बालिकाले सामना गर्नु परेका शैक्षिक अवरोधहरुको सम्बोधन गर्न र सिकाईलाई दिगो रुपमा जीवनपर्यन्त निरन्तरता दिन र जैमिनी नगरपालिकाले गर्ने नीति निर्माण प्रक्रियामा उनीहरुको अवाज उठाउन स्वतन्त्र सरोकारवाला समुहको रुपमा बालिका तथा समावेशी शिक्षा सञ्चालनलाई स्थानान्तर गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ ले दिएको अधिकार प्रयोग गरी बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालनको लागी कार्यविधि जारी गरिएको छ ।

**(१) संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम बालिका तथा समावेशी शिक्षा सञ्चालन गठन तथा परिचालन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**(३) परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

- क) नगरपालिका भन्नाले जैमिनी नगरपालिकालाई बुझाउँछ ।
- ख) नगरप्रमुख भन्नाले जैमिनी नगरपालिकाको प्रमुखलाई बुझाउँछ ।
- ग) समावेशी शिक्षा भन्नाले शिक्षा ऐन, २०२८ (नवौं संशोधित) को दफा ६ (क) बमोजिमको शिक्षालाई बुझाउँछ ।
- घ) सञ्जाल भन्नाले यसै कार्यविधि बमोजिम गठित समितिलाई बुझाउँछ ।
- ङ) बालिका भन्नाले विद्यालय तहको शिक्षा अध्ययन गर्ने उमेर समूह (४–१९ वर्ष) का बालिकाहरु सम्झनु पर्दछ ।
- च) अपाङ्गता भएका व्यक्तिहरु भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ को अनुसूची १ मा उल्लेख भएका परिभाषा र वर्गीकरण सम्झनु पर्दछ ।
- छ) सदस्य भन्नाले यसै कार्यविधि बमोजिमका शिक्षा सञ्जालका सदस्यहरुलाई सम्झनु पर्दछ ।
- ज) दिदी बहिनी सञ्जाल भन्नाले समुदाय वा विद्यालय स्तरमा बालिका तथा समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको समूह वा समितिलाई सम्झनु पर्दछ ।

(४) **नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठनः**

(१) जैमिनी नगरपालिका देहाय बमोजिमको नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन हुनेछ ।

क) नगरप्रमुख वा नगरप्रमुखले तोकेको व्यक्ति एक जना – संयोजक

ख) सामाजिक विकास समितिका संयोजक – सदस्य

ग) नगर शिक्षा समितिका अध्यक्षले नगर शिक्षा समितिका महिला सदस्यहरु मध्येबाट मनोनित गरेको एक जना – सदस्य

घ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर प्रमुखले तोकेको एक जना – सदस्य

ङ) संस्थागत विद्यालयका संस्थापकहरु मध्येबाट नगर प्रमुखले तोकेको एक जना – सदस्य

च) नगरपालिका क्षेत्रभित्र लैंङ्गिकताका क्षेत्रमा काम गर्ने गैह्र सरकारी संस्थाबाट नगर प्रमुखबाट मनोनित एक जना – सदस्य

छ) सामुदायिक विद्यालयका लैंङ्गिक सम्पर्क व्यक्ति मध्येबाट नगर प्रमुखबाट मनोनित एक जना – सदस्य

ज) दलित वा मुस्लिम वा अपाङ्गता भएका महिलामध्येबाट नगर प्रमुखबाट मनोनित प्रतिनिधि दुई जना – सदस्य

झ) जैमिनी नगरपालिका बाल अधिकार समितिका अध्यक्ष – सदस्य

ञ) नेपाल प्रहरीको महिला तथा बालबालिका सेलबाट प्रतिनिधि एक जना महिला प्रहरी – सदस्य

ट) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि एक जना – सदस्य

ठ) नगरपालिकाका शिक्षा शाखा प्रमुख – सदस्य सचिव

ड) नगरपालिका भित्रका माध्यमिक विद्यालयमध्येबाट विद्यार्थी दुई जना (एक जना छात्रा र एक जना छात्र) आमन्त्रित सदस्य र पालिकाभित्र विद्यालय नर्सको अभ्यास भएमा आवश्यकता अनुसार प्रतिनिधिमूलक रुपमा आमन्त्रण गर्न सकिनेछ ।

ढ) नगरपालिका भित्रका लैंङ्गिक तथा समावेशी शिक्षा क्षेत्रमा काम गर्ने समुदायमा आधारित संस्थाहरु, समूहहरु, बालक्लब मध्येबाट नगर प्रमुखले तोकेको १ जना – सदस्य आमन्त्रित

**(५) नगरपालिकाको बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठकः**

(१) सञ्जालको गणपूरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । तर समितिको बैठकमा गणपूरक संख्या नपुगी लगातार दुई पटक बैठक स्थगित भएमा तेश्रो पटक कम्तिमा एक चौथाइ सदस्य उपस्थित भएमा बैठक बस्न सक्नेछ ।

(२) सञ्जालको बैठक वर्षमा कम्तिमा ४ पटक बस्ने छ । सञ्जालको बैठक आवश्यकता अनुसार जुनसुकै बेला पनि बस्न सक्नेछ ।

(३) सञ्जालको बैठक सम्बन्धि अन्य कार्यविधि सञ्जालले तोके बमोजिम हुनेछ ।

**(६) नगरपालिकाको बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र जिम्मेवारीः**

(१) नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) विद्यालयमा गुनासो सुनुवाई समितिको लागि आवश्यक प्रतिनिधि तोकी गुनासो सुनुवाई कार्यविधी २०७४ पहिलो (संशोधन २०७७) अनुसार पालिका भित्रका विद्यालयहरुमा गुनासो सुनुवाई समिति गठन गर्ने र त्यसलाई क्रियाशिल बनाउन पहल गर्ने ।

ख) विद्यालयले गुनासो सुनुवाई कार्यविधी अनुसार सुझाव पेटिका तथा गुनासो सुनुवाई संयन्त्रको व्यवस्था, गुनासो संकलन, प्राप्त गुनासोहरुको वर्गिकरण र प्राथामिकीकरण गरी त्यसलाई सम्वोधन गर्न पहल गर्ने,

ग) विद्यालयस्तरमा सम्बोधन हुन नसकेका गुनासाहरुलाई समाधानको लागि सम्बन्धित निकायमा प्रतिवेदन गर्न पहल गर्ने,

घ) विद्यालयस्तरमा परेका तथा सम्बोधन गरिएका गुनासाहरुको अद्धावधिक विवरण लिई राम्रो कार्य गर्ने विद्यालय तथा विद्यालय स्तरीय लैगिंक सम्पर्क व्यक्तिलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने।

ङ) वार्षिक तथा अधावधिक योजनामा लैगिंक, अपाङगता लगायतका सामाजिक समावेशीकरणका समसामयिक विषय समावेश गर्न पहल गर्ने। साथै विद्यालय एवं पालिकामा गुनासो सुनुवाई संयन्त्र सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।

च) विद्यालयमा लैगिंक, जातीय तथा अपाङगतामा आधारित हिंसा तथा अन्य बहिष्करणमा परेका बालबालिकाको पहिचान गरी न्युनीकरणका लागि पहल गर्ने।

छ) समुदाय तथा विद्यालयमा हुने लैंगिक हिंसा, भेदभाव तथा दण्ड सजाय जस्ता गतिविधीहरुको न्यूनीकरणको लागि पहल गर्ने।

ज) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैगिंक र समावेशी प्रतिनिधित्व सुनिश्चितताको लागि पहल गर्ने।

झ) विद्यालयहरुमा लैगिंक हिंसा न्यूनीकरण सम्बन्धी गरेका कार्यहरु नियमित अनुगमन गर्ने तथा पृष्ठपोषण गर्ने,

ञ) विद्यालयहरुमा बालबालिका आत्म संरक्षणको लागि तालिमको व्यवस्था गर्ने।

ट) पीडित बालबालिकाको हिंसा, शोषण र दुर्व्यवहार जस्ता उजुरीहरुलाई गोपनियता कायम गर्दै सम्बन्धित निकायमा रिपोर्ट  गर्ने र पीडितलाई आवश्यक सहयोगको लागि पहल गर्ने,

ठ) बालबालिकालाई सुरक्षित वातावरणमा अध्ययन अध्यापन गर्न गराउन विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्ने र गराउने,

ड) नगरपालिकाभित्र विद्यालय बाहिर रहेका बालिकाहरुको तथ्याङक संकलनमा विभिन्न सघं सस्थाहरुसंग समन्वयात्मक बैठक सञ्चालन गरी, बालिकाहरुलाई औपचारिक शिक्षामा भर्ना गर्न र पहुँच अभिवृद्धि गर्ने तथा जीवनोपयोगी योजना बनाउनमा पहल तथा सहयोग गर्ने,

ढ) नगरपालिकामा सञ्चालित बिभिन्न बालिका लक्षित कार्यक्रमहरुमा बालिकाहरुको संल्‍गनतामा पहल गर्ने तथा उपलब्ध भएका स्रोत साधनहरुमा बालिकाहरुको पहुँचलाई सुनिश्चितता गर्ने।

ण) नगरपालिकाभित्रका लक्षित बालिका तथा अपाङगता भएका बालबालिकाहरुका अभिभावकहरुको लागि अभिभावक शिक्षा सञ्चालन गर्ने गराउने,

त) नगरपालिका स्तरबाट वार्षिक योजना तर्जुमा मार्फत बालबालिकाको लागि योजना बनाई बजेट बिनियोजन गर्ने।

थ) वातावरणीय एवं दैविक प्रकोप निवारण तथा प्रतिकार्यका लागि पैरवी गर्ने।

द) बालबालिकालाई सामाजिक सुरक्षा योजनामा पहुँचको लागि समन्वय तथा सहयोग गर्ने।

ध) नगरपालिका भित्रका विद्यालयहरुमा सामाजिक, आर्थिक तथा सास्कृतिक रुपमा पिछडिएका बालबालिकाको शिक्षाको प्रगतिलाई बेला बेलामा अनुगमन तथा मुल्याङकन गरी सुधारको लागि योजनाहरु विद्यालय स्तरमा छलफल गर्ने तथा कार्ययोजना बनाउने।

**(७) अन्य सेवा सुविधाः**

(१) सञ्जालका पदाधिकारीहरुको अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**(८) सञ्जालका सदस्यहरुको भूमिकाः**

(१) सञ्जालका सदस्यहरुको भूमिका देहाय बमोजिम हुनेछ ।

क) बालिका र अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षा प्रतिको पहुँच अभिवृद्धि गर्न सहयोग गर्ने ।

ख) शिक्षामा लैङ्गिक समानता प्रबर्द्धन गर्न स्थानिय सरकार र विद्यालयहरुलाई सहयोग गर्ने ।

ग) सदस्यहरुले छात्रा र अपाङ्गता भएका बालिकाहरुलाई अनुशिक्षण सहयोग सम्बन्धि तालिममा सक्रिय सहभागिता जनाउने ।

घ) सदस्यहरुले समुदायमा सञ्जाल निर्माण गर्ने ।

ङ) बालिका र अपाङ्गता भएका बालबालिकाहरुको निरन्तर शिक्षाका लागि सहयोग जुटाउन स्थानीय सरकार र साझेदार संस्थाहरुसँग समन्वय गर्ने र उपयुक्त सेवाहरुको लागि मार्गदर्शन र पक्षपोषण गर्ने ।

च) समुदायमा रेडियो/टेलिभिजन कार्यक्रमहरुको श्रोता समूह गठन गर्ने ।

छ) मोबाइल फोन नम्बर तथा सामाजिक सञ्जालमा क्लोज युजर ग्रुप र ग्रुप पेज बनाई श्रव्य, दृश्य, माध्यमबाट कम्फेरेन्स कल तथा छलफल गरी आपसी सञ्चार कायम गर्ने।

ज) संक्रमण तथा विपद्को समयमै सञ्चार प्रवाह गरी विपद् पूर्व तथा प्रतिकार्यका कार्यहरु गर्ने ।

झ) विद्यालयस्तरमा गुनासो संकलन गर्न, प्राप्त गुनासोहरुको वर्गीकरण गर्न र प्राथमिकीकरण गर्ने र सम्बोधन हुन नसकेका गुनासोहरुलाई समाधानका लागि सम्बन्धित निकायमा रिपोर्टिङ्ग गर्ने, गुनासो सुनुवाइ कार्यविधि अनुसारका सुझाव पेटिका तथा गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्नको लागि सहजिकरण गर्ने ।

(९) **सदस्यहरुका लागि अवसर प्रदान गर्न सकिने** :

(१) सञ्जालका पदाधिकारी तथा सदस्यहरुको क्षमता विकास र नेतृत्व शीप विकासका लागि स्थानीय तह तथा साझेदार संस्थाहरुबाट निर्धारण भए बमोजिम अनुशिक्षण, कार्यक्रमहरुमा क्षेत्र भ्रमण, कार्यशाला र अन्तरक्रिया जस्ता कार्यक्रमहरुमा सहभागी हुने अवसर प्रदान गर्न सकिनेछ

(२) मूल्यांकनबाट उत्कृष्ट ठहरिएका सदस्यहरुलाई रोल मोडल चयन गर्न सकिनेछ ।

(१०) **लैगिंक सम्पर्क व्यक्ति तोक्नुपर्नेः** १) बालिका तथा समावेशी शिक्षा संजालले बालकल्याण अधिकारी वा महिला तथा बालबालिका शाखा प्रमुखलाई लैंगिक सम्पर्क व्यक्ति तोक्न कार्यालयलाई सहजिकरण गर्नेछ।

२) उपदफा (१) बमोजिमको लैगिंक सम्पर्क व्यक्तिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ;

क) नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको नियमित बैठक गराउने र बैठकबाट आएको मुद्दालाई सम्बोधनको लागि कार्यपालिकामा पेश गरी समाधानको लागि पहल गर्ने।

ख) नगरपालिका स्तरमा विद्यालय शिक्षाको पाठ्यक्रममा लैगिंक तथा सामाजिक समावेशिकरणका विषयवस्तुलाई समावेश गर्न सहयोग गर्ने ।

ग) विद्यालयको भौतिक संरचना तथा अध्ययन अध्यापन विधीलाई लैंगिक तथा अपाङ्गतामैत्री बनाउने र सञ्जाललाई सक्रिय रुपमा परिचालन गर्ने।

घ) विद्यालयमा भएको लैगिंक सम्पर्क व्यक्ति र विद्यालय व्यवस्थापन समितिसंग समन्वय गरी लैगिंक संवेदनशिलता, लैगिंक समानता सम्बन्धी सम्पर्क व्यक्तिको क्षमता अभिवृदी गर्नुका साथै विद्यालयमा अनिवार्य रुपमा सुझाव पेटिका राख्ने व्यवस्था गर्ने।

ङ) लैगिंक हिंसा निवारणका लागि महिला, पुरुष, लैगिंक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङगता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकारहरु र स्थानीय सरकारबीच निरन्तर सार्वजनिक बहस एवं संवादको कार्यक्रम सञ्जाल मार्फत सञ्चालन गर्ने।

च) लैगिंक समितिलाई लैगिंक हिंसा विरुद्दका कानूनी व्यवस्था, मुद्दाको सुनुवाई, मुद्दाको व्यवस्थापन, अभिलेख व्यवस्थापन,प्रमाण संकलन लगायत ध्यान दिनुपर्ने अत्यावश्यक कानूनी सिद्दान्त तथा प्रक्रियाको बारेमा क्षमता विकासमा सहयोग गर्ने।

(११) **थप कार्यसूची बनाउन सक्ने**: यस कार्यविधि बमोजिम बालिका तथा समावेशी शिक्षा सञ्जालले आफ्नो कार्यसूची तयार गर्न सक्नेछन् ।

**१२) परामर्श लिने सक्नेः** सञ्जालले यस कार्यविधी बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त बिज्ञ व्यक्ति वा संस्थासँग आवश्यक परामर्श लिन सक्नेछ।

**१३) विद्यालय स्तरीय संजाल गठन र परिचालन गर्न सकिनेः**

पालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सजांलको अधिनमा रही नगरपालिकाले विद्यालय स्तरमा प्रधानाध्यापकको संरक्षकत्वमा लैंगिक सम्पर्क शिक्षकको संयोजकत्वमा विद्यालयस्तरीय बालिका शिक्षा तथा समावेशी शिक्षा सजांल गठन र परिचालन गर्नसक्ने छ।

**१४) दफा १३ बमोजिमको विद्यालय स्तरीय संजाल गठन हुनेछ।**

क) प्रधानाध्यापकसंरक्षक :
ख) लैङ्गिक सम्पर्क शिक्षकः संयोजक
ग) महिला शिक्षकहरु मध्येबाट एक जनाः सदस्य
घ) विद्यालय व्यवस्थापन समितिबाट एक जना महिला सहित २ जनाः सदस्य
ङ) शिक्षक अभिभावक संघबाट एक जना महिला सहित २ जनाः सदस्य
च) बाल क्लब बाट एक जना बालिका सहित २ जनाः सदस्य
छ) विद्यालयको सेवा क्षेत्र भित्रबाट निर्वाचित महिला सदस्यहरु मध्ये एक जनाः सदस्य
ज) विद्यालयलाई कार्यक्षेत्र बनाएर कार्य गरिरहेको गैह्रसरकारी संस्थाको महिला प्रतिनिधी एक जनाः सदस्य
भ) अभिभावकहरु मध्येबाट दलित वा मुस्लिम प्रतिनिधी एक जनाः सदस्य
ञ) अपाङ्गता भएका बालबालिका मध्ये एक जनाः सदस्य
ट) गुनासो सुनुवाइ संयन्त्रमा प्रतिनिधीत्व गर्ने विद्यार्थीः सदस्य
ठ) सामुदायिक स्वयंसेवक महिला/किशोरी  एक जनाः सदस्य
ड) समुदायिक सिकाई केन्द्रको सहजकर्ता एक जनाः सदस्य
ण) विद्यालय नर्सः सदस्य र
त) समुदायबाट युवा प्रतिनिधीः सदस्य ७० प्रतिशत महिला र समावेशी सदस्यता सुनिश्चित गर्ने ।

## १५) विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको काम तथा कर्तव्यहरु:

- विद्यालय स्तरिय आचार संहिता निर्माण तथा कार्यान्वियन गर्ने तथा गराउने
- विद्यालय स्तरिय गुनासो सुनुवाई कार्यान्वयनका लागि गुनासो सुनुवाई कार्यविधि २०७४ अनुसार सुझाव पेटिका व्यवस्थापन तथा कार्यावन्यन गर्ने गराउने र गुनासोको वर्गिकरण तथा अभिलेखिकरण गरि विद्यालयमा व्यस्थापन गर्ने तथा सम्बन्धित निकायसँग समन्वय गर्ने
- विद्यालयमा बालिकाहरुका लागि बालिकामैत्री वातावरण निर्माण गर्नमा आवश्यक पहल गर्ने (शौचालय, सेनिटरी प्याड, विद्यालय खाजा कार्यक्रम, आवश्यक औषधी आदि)
- विद्यालय तथा समुदाय स्तरमा बालिका माथि भएको लैंगिक हिंसाको व्यवस्थापन र न्यायको लागि स्थानीय तहमा न्यायिक समितिसँग समन्वय गर्ने
- विद्यालय वार्षिक सुधार योजनामा बालिका सञ्जालबाट आएको योजनालाई समावेश गराउने
- विद्यालय तहमा गठन हुने विभिन्न समूह तथा समितिहरुमा बालिका, सीमान्तकृत समूहका बालबालिकाको सहभागिता सुनिश्चित गराउने .
- विपन्न र सिमान्तकृत समुदायका बालबालिकालाई सिकाइ सामग्रीको उपलब्धताको लागि समन्वय र सहजीकरण गर्ने
- तथा कार्यान्वयन गर्ने दलित, लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका विद्यार्थीहरुको लागि विशेष छात्रावृत्तिको व्यवस्था गर्न लगाउने
- विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरुको बृस्तृत व्यक्तिगत तथ्यंक अद्ध्बाधिक गर्ने,
- अपाङ्गता भएका विद्यार्थीहरुको लागि वैयक्तिक शिक्षण योजना तयार गराई कार्यन्वयन गर्ने
- विद्यार्थीहरुको प्रारम्भिक लेखाजोखा मार्फत अपाङ्गताको पहिचान गरी आवश्यक सेवाका लागि सहयोग तथा सिफारिस गर्ने
- बिद्यालयमा अपाङ्गताका सन्दर्भमा चेतना अभिबृददी गर्ने तथा अपाङ्गता भएका बिद्यार्थीहरुको सुरक्षा सुनिश्चित गर्ने
- विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरुको लागि अपाङ्गतामैत्री वातावरण सिर्जनाका लागि अवरोधमुक्त बिद्यालय क्षेत्र निर्माण गर्ने

## १६) विविध:

(१) यस कार्यविधिमा रहेको व्यवस्था कार्यान्वयन गर्न बाधा अड्काउ परेमा अन्तिम निर्णय गर्ने अधिकार जैमिनी नगरकार्यपालिकामा रहनेछ ।

(२)यस कार्यविधि अन्तरगत भएको व्यवस्था सोही बमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३)यस कार्यविधिमा रहेको प्रावधानहरु प्रचलित संविधान, संघीय, प्रदेश तथा स्थानिय कानूनसँग बाँझिएको हकमा यस कार्यविधिका बुँदाहरु बाँझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

जैमिनी नगरपालिका, कुश्मीसेरा, वागलुङबाट स्वीकृत मिति २०८०/..../........ गते मिति २०८० साल ...........गते जैमिनी नगरपालिकाबाट पारित भई प्रमाणिकरणका लागी पेश भएको बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि २०८० प्रमाणित गर्दछु ।

प्रमाणित मिति : २०८० साल ................. गते

................................

नर बहादुर पुन

पद : नगर प्रमुख

जैमिनी नगरपालिका

नगरपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ